सर्वोच्च अदालत
काठमाण्डौ

# सर्वोच्च अदालतबाट जारी

## प्रेश विज्ञप्ती

आज २०७४ साल जेष्ठ २१ गते आईतबारको देशान्तर साप्ताहिकको पहिलो पृष्ठमा प्रकाशित "सुशीलाले सर्वोच्च छाड्दै, कस्ले सम्हाल्ने वागडोर" भन्ने शिर्षक अन्तर्गत प्रकाशित समाचारप्रति यस अदालतको गंभीर ध्यानाकर्षण भएको छ । सो समाचार सामाग्रीमा उल्लेख भए बमोजिमको मुद्दा शुक्रबार पेशी रहेको र कारण देखाउ समेतको आदेश भएको भन्ने समेत मिथ्यापूर्ण, भ्रामक, असत्य, र कपोकल्पित समाचार संप्रेषण हुनु दुःखद विषय हो । उक्त समाचारमा उल्लेख भए बमोजिमको मुद्दा शुक्रबार पेशी नरहेको एवं इजलासबाट कारण देखाउ वा कुनै किसिमको आदेश समेत नभएको र त्यस प्रकारको असत्य एवं भ्रामक समाचार संप्रेषणबाट न्यायपालिकाको मर्म माथी प्रहार हुने तथा सर्वसाधारणमा भ्रम सृजना हुन गई यस प्रतिको जनआस्थामा समेत आँच आउने देखिन्छ । यस तथ्यप्रति सचेत रहन र यथार्थ एवम् वास्तविकता विपरितका समाचार सामग्री प्रकाशन प्रसारण नगर्न नगराउन र हालै संप्रेषित समाचारको भ्रममा नपर्न सम्बन्धित सबैको ध्यानाकर्षण गराईएको छ ।

मितीः २०७४/२/२१

महेन्द्रनाथ उपाध्याय
प्रवक्ता